# आभीर

हरिराम जोशी

विश्व इतिहासको अध्ययन क्रममा अनेकौं जातिहरूका अस्तित्व कायम हुनुको अतिरिक्त समयको प्रवाहमा तिनीहरू विलुप्त भई गएका उदाहरणहरू अत्यधिक मात्रामा भेट्टिएका छन्। उदाहरणको रूपमा प्राचीनतम जातिहरू मध्येका हूण, यूहेची, ससानियन आदि जातिहरूको अहिले कुनै नामोनिशान पाउनु दुर्लभ भइसकेको छ। यस्तै प्राचीन जातिहरूमध्ये आभीर पनि एक रहेको छ। यसैले इतिहासमा यस जातिको खास स्थान रहेको छ भन्दा कुनै अत्युक्ति हुँदैन।

आभीरहरूको प्राचीनता हामी सर्वप्रथम ऋग्वेदमा पाउँछौं। गिल्गमिशपछि विश्वका सर्वप्राचीन ग्रन्थको रूपमा मानिएको ऋग्वैदिकऋचाहरूमा आभीरहरू गाई गोठालाहरूका रूपमा वर्णन गरिएका छन्। ऋग्वेद १०, १९ का ऋचालाई यहाँ यसै सन्दर्भमा लिन सकिन्छ। आभीर जाति पछिसम्म पनि गाई गोठालाकै रूपमा रहेको कुरा अमरकोशको अध्ययनमा स्पष्ट रूपले जानिन्छ। अमरकोशले गोपालकका रूपमा प्रस्तुत गरेका ६ जातिहरूमा एक आभीर पनि रहेको छ। फेरि, तृतीय शताब्दी ई.को नागार्जुन कोण्डा अभिलेखमा "स्वस्ति गोव्रावेभ्य" भनी उल्लेख गरिएबाट पनि उक्त तर्क कै पुष्टि हुन्छ। यसरी यस जातिको प्रधान व्यवसाय वैदिक समयदेखि अविच्छिन्न रूपले गोपालन नै रहेको कुरा जानिन्छ। यद्यपि यस जातिको प्रधान व्यवसाय गोपालन रहेको छ तापनि अनैतिहासिक कालदेखि नै यो जातिले राज्यासनमा रही शासन चलाउँदै आएको कुरा महाकाव्य ग्रन्थबाट स्पष्ट रूपले थाहा पाउन सकिन्छ। महाभारत अनुसार आभीरहरूद्वारा अजेय वीर योद्धा अर्जुन तक पराजित हुनु परेको थियो। यस घटनामा यो जातिको बहादुरी स्पष्ट रूपले परिलक्षित हुन्छ। नेपालका वंशावली अनुसार अनुमानित सातौं शताब्दी ई.पू. मै आभीर वंशले नेपालमा शासन चलाएका थिए। तर, यस कुरोको प्रामाणिकता अहिलेसम्म कुनै पुरातात्त्विक आधारबाट स्थापित हुन सकेको छन। जे होस्, यी आभीरहरू उपर्युक्त आधारहरूबाट अनैतिहासिक कालदेखिनै राज्यासनमा अवस्थित रही एक बीर जाति भएको कुरा विदित हुन्छ।

प्राचीन ऐतिहासिक सामग्रीहरूको अध्ययनमा आभीरहरूलाई विदेशी जातिको रूपमा राखेको पनि पाइन्छ। भागवत, स्कन्ध २ अध्याय ४, श्लोक १८ मा कतिपय विदेशी जातिहरूको नाम क्रममा आभीर, किरात आदि जातिहरूलाई पनि सम्मिलित गरी पछि मात्र तिनीहरूलाई वैष्णव धर्ममा दीक्षित गरेको कुरा वर्णित छ—

"किरातहूणान्ध्रपुलिन्दपुल्कसा
आभीरकङ्काः यवनाः खसादयः॥

येऽन्ये च पापा यदुपाश्रयाश्रयाः
शुद्ध्यन्ति तस्मै प्रभविष्णवे नमः ॥१८॥"

—भागवत, स्कन्ध २, अध्याय ४, श्लोक १८

आभीरहरूलाई हेरात र कन्दहारका बीच अवस्थित अविश्वन नामक स्थानका मूल निवासीका रूपमा पनि अनुमान गरिएका छन् जुन युक्तियुक्त लाग्दैन । किनभने ऋग्वेद सप्त सिन्धुतलस्थित भारतीय भूमिमा रचना गरिएको थियो । अनि यस ग्रन्थमा उल्लिखित जाति मुख्य रूपले यहींको जाति हुनुमा सम्भावनाको आधिक्यता हुनु औचित्यप्रदनै लाग्दछ । फेरि पौराणिक अनुश्रुति अनुसार आभीरहरू सातवाहन वंशजः हुन् । अनि सातवाहन अभिलेखहरू विशेष गरी नासिकबाट तथा साँचीमा पाइएका छन् तापनि सातवाहनहरू आन्ध्रभृत्यहरू भएको यथार्थतालाई पुराणहरूले पनि स्वीकृति जनाएका छन् । यसर्थ पौराणिक आख्यान अनुसार आभीरहरूको मूल थलो आन्ध्र नै भएको कुरा थाहा हुन्छ । तर, आभीरहरू सातवाहन वंशजः हुन् भन्ने पौराणिक आख्यान युक्तिप्रद भए जस्तो लाग्दैन । माथि वर्णित भइसकेको छ कि आभीर जातिको अस्तित्व वैदिक कालमै पाइएको छ औ उनीहरू गोपालक हुन् । तर, सातवाहन भनिने आन्ध्रवासीहरू ऐतरेय ब्राह्मण ग्रन्थ अनुसार अनार्थ थिए जुन पछि गएर ब्राह्मणत्वमा परिणत भएका थिए । पुराणहरूले आभीरहरू पनि आन्ध्रवासीहरू जस्तै वदिक जाति भएका औ तिनीहरूको जातित्व पनि शुद्रतरमा रहेको पाइनुको अतिरिक्त सम्भवतः तिनीहरू एक दोश्रोको निकटस्थ बस्ने जाति हुँदा तिनीहरूको जातिगत सम्बन्ध दर्शाएको हुनु धेरै सम्भव छ । यो निश्चय छ कि बौद्ध ग्रन्थ 'मज्झिमनिकाय' को एसुकारि-सुत्तमा कृषि, गोरक्ष जस्ता कार्यहरूलाई वैश्य वर्णका स्वधन मानिएका छन् । आभीरहरू शुद्र रहेको तथ्यको पत्तो महाभारत, पटञ्जलिकृत महाभाष्य तथा अमरकोशबाट स्पष्ट रूपले थाहा पाउन सकिन्छ । महाभारत अनुसार आभीरहरूको मूल थलो अपरान्त रहेको छ औ तिनीहरू शुद्र रहेका छन् । प्रथम शताब्दी ई.पू.का पटञ्जलीकृत महाभाष्यमा पनि तिनीहरूलाई शुद्रकै रूपमा लिइएको छ औ ऐप्तेकृत संस्कृत-अंग्रेजी कोशमा आभीर नाममा प्रयुक्त महाशुद्री शब्दले शुद्र वर्णमा तिनीहरूको उच्च स्थान रहेकोतिर स्पष्ट रूपले इङ्गित गरेको छ । यसरी आभीरहरू शुद्र वर्णका हुनामा कुनै खास शङ्का भएको देखि दैन । यी आधारहरूबाट आभीरहरू विदेशी जाति हैन भन्ने कुराको यकीन जानकारी मिल्छ ।

यद्यपि यो निश्चय छ कि आभीरहरू शुद्र जातिका भए तापनि माथि वर्णन गरिए अनुरूप तिनीहरू अनैतिहासिक कालदेखि सातौं शताब्दी ई० सम्म समय-समयमा राजकाजमा सम्मिलित हुँदै आएको स्पष्ट रूपले देखिन्छ । तिनीहरूले भट्टारक महाराज भई समय समयमा शासन चलाएको कुरा नेपाल तथा भारतीय इतिहासको अध्ययनमा स्पष्टतः थाहा हुन्छ । ई. सन् १८१ को गुण्डा अभिलेखमा रुद्रसिंह प्रथमको समयमा आभीर सेनापति नायकका छोरा रुद्रभूतिलाई आभीर सेनापतिको रूपमा उल्लेख गरिएको छ । ई० सन् २७८ को नागार्जुन कोण्डा अभिलेखमा आभीर वसुषेण राजाको रूपमा आसीन रहेका देखिन्छ । आभीरहरूको राज्य भारतमा चारौं शताब्दी ई. सम्म पनि कायमै रहेको तथ्य चारौं शताब्दी ई. को चन्द्रवल्ली शिलाभिलेखबाट स्पष्ट रूपले थाहा पाउन सकिन्छ । गुप्त सम्राट समुद्र गुप्तको इलाहावाद स्तम्भ लेखबाट उक्त सम्राटले नौ वटा गणराज्यहरूको शक्तिलाई ध्वस्त पारेका थिए भन्ने कुरा जानिन्छ । उक्त नौ गणहरूमध्ये आभीर गण पनि एक रहेको छ । जसको कारण पनि पछि उत्तर प्राचीनकालीन नेपालमा पञ्चायती व्यवस्थामा आधारित राजतन्त्र स्थापित हुनमा सघाऊ पुग्न गएको थियो । किनभने उत्तरप्राचीनकालीन नेपालको राजनीतिक चित्तीजमा साँचो मानेमा भन्ने हो भने प्राचीन गणतान्त्रिक परिपाटीमा हुर्केका आभीरहरूको प्रभाव स्पष्टतया प्रतिविम्बित भएको छ । यसमा कुनै शङ्का छैन ।

गोपाल वंशावली अनुसार, वसन्तदेव पछि श्री शिवदेवको राज्यारोहणभन्दा अघि नेपालमा आभीरहरूले तीन पुस्तासम्म राज्य गरेका थिए । जुन कुरो अभिलेखको

आधारमा सत्यप्रद भए जस्तो लाग्दैन । बरू अनुपरमका छोरा आभीर भौमगुप्त संवत् ४७९ देखि ५१२ सम्म वत्सभयका तीन लिच्छवि राजाहरूको राज्यका हर्ताकर्ता भएका थिए । जसको कारण वंशावलीकारले भ्रमवश तीन पुस्तासम्म नेपालमा आभीरहरूले शासन चलाएको कुरा उल्लेखेका थिए । भौमगुप्तको पहिलो उल्लेख संवत् ४६२ को पशुपतिको अभिलेखमा आएको थियो । यिनी संवत् ५१२ सम्म उत्तरप्राचीनकालीन राजनीतिका कर्णधार स्वरूप रहेको कुरा उक्त संवत्को बुढानीलकण्ठको अभिलेखले प्रमाणित गरेको छ । सम्भवत संवत् ५१२ देखि ५१५ को बीच लिच्छवि राजा शिवदेव तथा भौमगुप्तको बीचमा सत्ताको लागि संघर्ष भएर केही समयको लागि लिच्छवि राज्यसत्ता आभीर भौमगुप्तको अधिनस्थ हुन गएको अनुमान हुन्छ । ध्रुवदेव जिष्णुगुप्तकालीन केवलपुरका अभिलेख तथा संवत् ६७ का काठमाडौं यङ्गालहिटीका अभिलेखका पंक्तिहरूको अध्ययनमा उपर्युक्त अनुमानको पुष्टि भएको लाग्दछ । तर, पछि भट्टारक महाराज श्री शिवदेवले अंशुवर्माको सहायताले आभीर भौमगुप्तको शक्तिलाई ध्वस्त गरी आफ्नो पैत्रिक राजगद्दीलाई पुन: हस्तगत गर्न सफल भएका थिए । आफ्ना अभिलेखहरूमा शिवदेवले अंशुवर्मालाई दिगन्तरसम्म कीर्ति फैलिएको तथा शत्रुलाई नाश गर्ने भनी उल्लेखेबाट उक्त अभियानमा भट्टारक महाराज श्री शिवदेवलाई अंशुवर्माको सहयोग मिलेको कुराको अनुमानमा टेवा पुग्न गएको छ । आभीर भौमगुप्तको पतन पछि भट्टारक महाराज श्री शिवदेव स्वयंले नै अंशुवर्माको पनि सहयोग नलिई केही समयसम्म शासन चलाउन लागेको कुराको पत्तो चम्पापुरस्थित उत्तरप्राचीनकालीन अभिलेखमा शिवदेव बाहेक भौमगुप्त र अंशुवर्मा दुबैका नाम उत्कीर्ण नगरिएबाट हुन्छ ।

उत्तरप्राचीनकालमा आभीरवंशी श्री जिष्णुगुप्त नेपालको राज्यासनमा आसीन भएको कुरा तत्कालीन अभिलेख एवं मुद्राको अध्ययनमा स्पष्टत: थाहा पाउन सकिन्छ । जिष्णु अंकित मुद्राको प्राप्तिको साथै पशुपतिस्थित कामदेवको मूर्तिको पादपीठ लेखको प्राप्तिले आभीरवंशी श्री जिष्णुगुप्तले लिच्छवि राजा श्री भीमार्जुन देवलाई राज्यासनबाट हटाई स्वयम् नेपालाधिपति भएको कुरा थाहा हुन्छ । तर, जिष्णुगुप्त पछि उत्तरप्राचीनकालीन नेपालमा आभीर कुलका कसैले राज्यासनमा आसीन भई शासन चलाउन सकेको कुरा कुनै पनि पुरातात्त्विक आधारले अहिलेसम्म पुष्टि गर्न सकेको छैन । यद्यपि यो निश्चय छ कि जिष्णुगुप्तका छोरा विष्णुगुप्त उत्तरप्राचीनकालीन नेपालको राजनीतिका शक्तिशाली व्यक्तित्व भएको कुरा संवत् ६४ को भृङ्गारेश्वर तथा संवत् ६५ का भङ्ग लहिटीका अभिलेखहरूबाट विदित हुन्छ ।

उत्तरप्राचीनकालीन नेपालमा आभीरहरूको घना वस्ती रहेको थियो । भक्तपुर ठिमीस्थित एक अभिलेखमा पल्ली शब्दको प्रयोग पाइएको छ । अमरकोशमा घोष आभीर पल्लीस्यात् भनी उल्लेख भएकोले पल्ली भन्ने स्थान घोष, आभीरहरूको वासस्थल भएको कुरा जानिन्छ । जसबाट त्यस समय ठिमीमा आभीरहरूको घनावस्ती भएको कुरा प्रकटित हुन्छ । उत्तरप्राचीनकालीन नेपालका आभीरहरू गोमी जातका थिए । यस कुराको पत्तो संवत् ५९ को थानकोटको अभिलेखबाट हुन्छ । त्यस अभिलेखमा आभीर श्री जिष्णुगुप्तले श्री मानगुप्त गोमीलाई आफ्ना प्रपितामह भनी सम्बोधन गरिएको कुरा वर्णित छ जसबाट गोमी पनि आभीरहरूका विभिन्न जाति मध्ये एक भएको कुरा निर्णित हुन्छ । यहाँनेर यस तथ्यलाई बिर्सनु हुँदैन कि छैठौं शताब्दी ई. को नेपालमा गोमीहरू ब्राह्मण पनि रहेका थिए । अनुमानित छैठौं शताब्दी ई. को पशुपति आर्यघाटको अभिलेखले यस तथ्यतिर निर्देश गरेको छ । अभिलेखका पंक्तिहरू निम्नानुसार छन्—

> "ॐ संवत् ४५२ ...... सर्व्वदण्डनायक पादानुध्यातो (ध्यातेन) ब्राह्मणपुण्यगोमिना स्वपुण्याप्यायनाय पार्त्थिव शिला स्थापिता धान्यपिण्डकमा"

भौमगुप्त, जिष्णुगुप्त, विष्णुगुप्त आदि आभीरहरूद्वारा राखिएका कृतिहरू अत्यधिक मात्रामा वैष्णव धर्मसित सम्बन्धित छन् । यसलाई तिनीहरूको गोपालक वासु-

देवसितको वंशानुगत संबन्धको कारण स्वरूप मात्र सकिन्छ। गोपाल वंशावली अनुसार आभीरवंशी श्री भौमगुप्तले भगवान् विष्णुसित सम्बन्धित धरणिवराहको स्थापना गरेका थिए। धंवराह मूर्तिको अनुमानित निर्माण समय औ धरणिवराह शब्दसित यसको शाब्दिक तादात्म्यले पनि यो मूर्ति भौमगुप्त कै कीर्ति भएको अनुमान हुन्छ। भट्टारक महाराज श्री जिष्णुगुप्तको थानकोटको अभिलेखमा जलशयन विष्णुको उल्लेख आएको तथा तिनका केवल पुर्खा अभिलेख भगवान् विष्णुसितैं सम्बन्ध राख्ने हुँदा उनी वैष्णव भक्त भएको कुरा जानिन्छ। यद्यपि यो निश्चय छ कि तिनलें आफ्नो प्रशस्तिमा पशुपति शब्द व्यवहृत गर्नुको अतिरिक्त तिनका पशुपति चेत्रस्थित अभिलेखहरूबाट शैव धर्ममा पनि तिनको झुकाव रहेको विदित हुन्छ। छैठौं शताब्दी ई. देखि पशुपति नेपालका सर्वप्रसिद्ध तथा सर्वमान्य देवता भएको औ तिनमा निहित धार्मिक सहिष्णुताको भावनाले गर्दा पनि तिनले जनभावनालाई उक्त प्रकारका कार्यहरूबाट कदर गरेको कुराको अनुमान हुन्छ। भट्टारक महाराजाधिराज श्री भीमार्जुनदेव—विष्णुगुप्तको समयका बङ्गालहिटी तथा भृङ्गारेश्वरका अभिलेखहरूमा जलशयन विष्णुका विशाल मूर्तिको निर्माणको लागि शिलाकर्षण ल्याइदिए वापत तत् तत् स्थानका वासिन्दाहरूलाई निगाह गरेको वर्णनले पनि उक्त आभीरहरूको गोपालक वासुदेव कृष्णसितको वंशानुगत सम्बन्ध रही तिनीहरू आभीर शुद्र नै भएको कुरा प्रमाणित भएर उत्तरप्राचीनकालीन नेपालमा शुद्रहरूका पनि यहाँ शासन स्थापित भएको यथार्थताको पत्तो हुन्छ। यसरी उत्तरप्राचीनकालीन नेपालमा आभीर शुद्रको अतिरिक्त आभीर ब्राह्मणहरू पनि भएको कुरा सिद्ध हुन्छ।

माथि वर्णन भइसकेको छ कि आभीरहरू शुद्र वर्णमा उच्च जातिका थिए। यद्यपि यो निश्चय छ कि वैदिक समय शुद्रहरू कुनै नीच वर्णका नमानिएर सामाजिक स्थिरताका चार आधारमध्ये एक अत्यावश्यक आधार स्वरूप मात्र लिइएका थिए। ऋग्वेद, दशम मण्डलको पुरुष शुक्तमा अन्य वर्णहरू सरह शुद्र पनि उही विराट पुरुषकै शरीरका अंग दर्शाइएबाट उक्त तथ्यको पत्तो हुन्छ। मनुस्मृति १,९१ अनुसार शुद्रका कार्य त्रिवर्ण-ब्राह्मण, चेत्री, वैश्यको सेवा गर्ने भए तापनि महाभारतले तिनीहरूलाई कृषिको अतिरिक्त व्यापार गर्ने आज्ञा दिएको छ। मज्झिम निकाय ग्रन्थ अनुसार शुद्रका स्वधन दाउरा काट्ने आदि रहेको छ। यसरी शुद्रहरू प्राचीनकालमा अस्पृश्य जाति हैन भन्ने कुरा विदित हुन्छ। वरु तिनीहरू अन्य वर्ण सरह नै समान मानिन्थे। श्री मद्भागवत पुराणको अध्ययनमा यस तथ्यको स्पष्ट झल्को पाइन्छ।

उत्तरप्राचीनकालीन नेपालको अनन्तलिङ्गेश्वर अभिलेखको अध्ययनमा दास, चाण्डालहरूको पनि तत्समयको नेपालमा अस्तित्व रहेको प्रकटित हुन्छ। दास, चाण्डाल आदि जातिहरू धर्मशास्त्र अनुसार ज्यादै नीच एवं अस्पृश्य तक मानिएका थिए। भगवान् बुद्धले दासहरूलाई भिक्षु हुने तक आज्ञा दिएको थिएन। प्राचीन कालमा ज्यादै नीच मानिने अस्पृश्य जातिहरू निम्न् हुन्—चाण्डाल:, श्वपच:, क्षता, सूत, वैदेहक, मागध, आयोग:। अंगीरसको अनुसार चाण्डालको पात्रमा राखी पानी खानु शुद्रको लागि मनाही थियो। यसरी शुद्र औ चाण्डाल एउटै नभई शुद्र आभीरहरू उपर्युक्त नीच जातिहरूको अनुपातमा ज्यादै उच्च मानिने कुरा ज्ञात हुन्छ। फेरि, माथि वर्णन गरिए अनुसार आभीर शुद्रहरू प्रागैतिहासिक कालदेखि समय समयमा सातौं शताब्दी ई. सम्म पनि भट्टारक महाराजसम्म भई आएको कुरा साहित्यिक एवं पुरातात्त्विक आधारहरूबाट जानिएर प्राचीनकालमा शुद्र आभीरहरू अस्पृश्य नीच जाति नभई त्यस समय समाजमा शुद्रहरूका स्तर अरू वर्णहरूको तुलनामा ज्यादै नखस्केको सिद्ध हुन्छ। भौमगुप्तका पिता आभीर अनुपरमका प्रौढ संस्कृतमा रचित वैष्णव धर्मसित सम्बन्धित काव्य कृति हाँडीगाउ गरूड स्तम्भमा उत्कीर्ण गरिएको पाइएबाट अरू वर्णहरू सरहनै आभीर शुद्रहरू पनि त्यस समय राम्रो शिक्षादीक्षा पाउन सक्तथे भन्ने कुरा थाहा हुन्छ। यसरी उपर्युक्त सबै आधारहरूबाट ऋग्वैदिक कालदेखि सातौं शताब्दी ई. सम्म अविच्छिन्न रूपले भने जस्तो गरी आफ्ना वंशानुगत व्यवसायलाई कायम गर्दै आफ्नो राजनैतिक, धार्मिक, साँस्कृतिक परम्परालाई सुदृढतम गराउँदै लैजान सकेकोमा यो जातिको वैशिष्ट्य अवश्य स्वीकार्न सकिन्छ।